# बाणगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ५ नं. प्रदेश, कपिलवस्तु नेपाल

मितिः २०७६।०८।०४

कार्यपालिका बैठकका प्रस्ताव

१. नदीजन्य पदार्थ उत्खनन तथा निकासी सम्बन्धि बोलपत्र र कार्ययोजना अनुमोदन सम्बन्धमा ।
२. महिला स्वयमं सेविकालाई थप सुविधा उपलब्ध गराउने सम्बन्धमा ।
३. चीनको छिचौ नगरसँगको भगिनी सम्बन्ध स्थापनाको खर्च भुक्तानी दिने सम्बन्धमा ।
४. बुद्ध सेन्टरलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
५. वास कार्ययोजना अनुमोदन सम्बन्धमा ।
६. नगरप्रमुखको सचिवालयको लागि सहायक कम्प्युटर अपरेटर राख्ने सम्बन्धमा
७. नेवार समुदायको नेपाल सम्वत र कृष्ण जन्माष्टमीको खर्च भुक्तानी सम्बन्धमा ।
८. विविध

निर्णय नं. १

- चालु आर्थिक वर्षको लागि तयार पारी जिल्ला समन्वय समितिमा पठाइएको "नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धि कार्ययोजना र मिति २०७६।०७।२० मा प्रकाशित नदीजन्य पदार्थ उत्खनन, विक्रि तथा निकासी सम्बन्धि बोलपत्र आव्हानको सूचना अनुमोदन गरियो ।

निर्णय नं. २

- यस नगरपालिका अन्तर्गत रहेका महिला स्वास्थ्य स्वयम सेविकाको माग बमोजिम चालु आर्थिक वर्षमा उपलब्ध गराउन सकिने थप सेवा सुविधाहरुको बारेमा स्वास्थ्य शाखाले सामाजिक विकास समितिको समन्वयमा प्रतिवेदन तयार पारी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

- चीनको अनहुई प्रान्तको छिचौं नगरका प्रतिनिधिहरुबाट बाणगंगा नगरपालिकाको औपचारिक भ्रमण कार्यक्रममा भएको खर्च रु.७ लाख ३५ हजार वार्षिक कार्यक्रमको सि.नं. ३६ को "कार्यक्रम खर्च" शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४

- अन्तराष्ट्रिय बुद्ध केन्द्रले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने गरी बुद्ध सर्किटमा पर्ने बाणगंगा नगरपालिकाको उपयुक्त स्थानमा बुद्धको ठूलो मूर्ती एवं बहुउद्देशीय पार्क समेत निर्माण गर्न जग्गा माग गरेकोमा- यस नगरपालिकाको वडा नं. ८ अर्न्तगत पूर्व पश्चिम राजमार्गको नजिकै पूर्व-बालापुर गाउँ पश्चिम-७ नं. वडाको सिमाना (कजवे) उत्तर- धनेसपुर गाउँ बस्ति एवं आवादी जग्गा दक्षिण-

बाणगंगा नदी (भागिरथी नदी) यति चार किल्ला भित्र रहेको करिब २० बिगाहा जग्गा मध्ये आवश्यक जग्गा उपलब्ध गराउने प्रारम्भीक सहमती गरियो । अन्तराष्ट्रिय बौद्ध केन्द्रले निश्चित योजना तयार गरी प्रस्तुत गरेपछि जग्गाको भोगाधिकार हस्तान्तरण प्रक्रिया अगाडी बढाउने एवं योजनाले यस क्षेत्रको पर्यटन विकास सहित आर्थिक सामाजिक समृद्धिमा महत्वपूर्ण योगदान गर्न विश्वास सहित आवश्यक सहयोग गरिने प्रतिबद्धता समेत गरियो ।

निर्णय नं. ५

- यस नगरपालिकाको "खानेपानी स्वच्छता तथा सरसफाई योजना" ५ नं प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको समन्वयमा तयार पारी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं. ६

- नगर प्रमुख श्री मंगलप्रसाद थारुको निजि सचिवालयको कार्यसम्पादनमा प्रभावकारिता ल्याउनको लागि प्रमुखद्वारा सिफारिस गरिएको व्यक्तिलाई सहायक कम्प्यूटर अपरेटर वा सो सरहको सुविधा उपलब्ध गराउने गरी दैनिक ज्यालादारिमा काम काजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. ८ विविध

- श्री नव प्रभात क्लवद्वारा बाणगंगा ४ ठाकुरापुरमा मिति २०७६।०७।२१ देखि २०७६।०७।२४ सम्म खुल्ला नकआउट भलिवल प्रतियोगिता संचालनको क्रममा भएको खर्च मध्ये रु. ५०,०००।– (अक्षेरुपी पचास हजार रुपैया मात्र) अन्य खेलकुद कार्यक्रम वा अन्य संस्थालाई अनुदान शिर्षकबाट शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।
- श्री राईजिङ ११ स्पोर्टस क्लबद्वरा वडा नं. ८ मा संचालित प्रदेशस्तरीय क्रिकेट प्रतियोगिताको कुल खर्च मध्ये रु.२०,०००।– (अक्षेरुपी बीस हजार रुपैया) अन्य खेलकुद कार्यक्रम वा अन्य संस्थालाई अनुदान उपलब्ध गराउने निर्णय गरियो ।
- श्री सूर्योदय क्लब वडा नं. ३ ले संचालन गरेको भलिवल खेल व्यवस्थापन गर्दा भएको खर्च मध्ये उक्त क्लबलाई रु.२०,०००।- अन्य खेलकुद कार्यक्रम वा अन्य संस्थालाई अनुदान शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।
- श्री युनाईटेड युथ क्लब भलबाडलाई रु. १५,०००।-(अक्षेरुपी पन्ध्र हजार रुपैया मात्र) अन्य खेलकुद कार्यक्रम वा अन्य संस्थालाई अनुदान शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।
- "भान्सा नै औषधालय कार्यक्रम" लागि "विभिन्न संघसंस्थाहरुको सहकार्यमा गरिने कार्यक्रम" शिर्षकबाट भुक्तानी गरिएको रु. ४ लाख ७९ भुक्तानी अनुमोदन गरियो ।
- नेवार समुदायको नेपाल सम्वत र कृष्ण जन्माष्टमी पर्वको लागि रु. ४०,०००।- चालीस हजार अन्य संस्थालाई अनुदान शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।
- कपिलवस्तु जेसिसको भवन निर्माणका लागि रु. ३,०००००।- (अक्षेरुपी तीनलाख रुपैया मात्र) "अन्य सार्वजनिक निर्माण शिर्षक" बाट भुक्तानी गर्ने निर्णय गरियो ।
- कपिलवस्तु जिल्लालाई "खुला दिसामुक्त घोषणा गर्ने कार्यक्रमका लागि यस नगरपालिकाद्वारा संयोजन गरि पठाईएका स्थानीय समुदायहरुको यातायाता भाडा, स्थानीय झांकी र सास्कृतिक कार्यक्रम

समेतको खर्च रु. २०,०००।- (अक्षेरुपी बीस हजार रुपैया) वार्षिक कार्यक्रमको अन्य सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

- सडक वोर्ड नेपालबाट चालु आर्थिक वर्षका लागि लागत साझेदारीमा संचालन हुने आयोजनाका लागि बैरियादेखि नन्दनगर जाने बाटो छनौट गरी लागत अनुमान सहित सडक बोर्ड नेपालमा पठाउने निर्णय गरियो ।
- नेपालको संविधानको अनुसूची-८ (स्थानीय तहका लागिको अधिकार सूची) को बुँदा नं. १४ मा उल्लेख भएको "घर जग्गा धनी पूर्जा वितरण" एवं जग्गा प्रशासनका लागि मालपोत र नापी शाखा यस नगरपालिकामा स्थापनाका. लागि मालपोत कार्यालय, कपिलवस्तु मार्फत नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र भूमी व्यवस्थापन तथा अभिलेख विभागमा माग गरी पठाउने निर्णय गरियो ।